नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, पुस ७ गते २०५४ साल (अतिरिक्तांक ४६

भाग २

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५४ सालको ऐन नं. १४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (पहिलो संशोधन) ऐन, २०५४" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन,२०४८ को दफा ८ मा संशोधन : नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन (यसपछि "मूल ऐन" भनिएको) को दफा ८ को उपदफा (५) झिकिएकोछ ।

३. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को उपदफा (१) मा रहेका "शिक्षा तथा संस्कृति मन्त्री" भन्ने शब्दहरुको सट्टा "विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरु राखिएका छन् ।

४. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएकोछ :-

"१०. प्राज्ञहरु : (१) प्राज्ञहरुको मनोनयनको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा उपकुलपति र सभाका एकजना सदस्य रहेको एक समिति गठन हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०२८

(२) उपदफा (१) बमोजिम गठित समितिले विज्ञान तथा प्रविधिको क्षेत्रमा उत्कृष्ट योगदान दिएका तोकिए बमोजिमको योग्यता पुगेका विद्वानहरु मध्येबाट प्राज्ञमा मनोनयन गर्न कुलपति समक्ष सिफारिस गर्नेछ । त्यसरी मनोनयनको लागि सिफारिस गर्दा विदेशी विद्वानलाई समेत समावेश गर्न सकिनेछ ।

तर विदेशी प्राज्ञहरु सभाको सदस्य हुने छैनन् ।

(३) उपदफा (२) बमोजिम सिफारिस भएका व्यक्तिहरुलाई कुलपतिले प्रज्ञा प्रतिष्ठानको प्राज्ञमा मनोनयन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम मनोनयन गर्दा प्रत्येक दुई वर्षमा दुईजनाका दरले प्राज्ञहरु मनोनयन गरिनेछ ।"

५. <u>मूल ऐनको दफा १२ मा संशोधन</u> : मूल ऐनको दफा १२ को उपदफा (३) मा रहेका "तीन वर्षको" भन्ने शब्दहरुको सट्टा "चार वर्षको" भन्ने शब्दहरु राखिएका छन् ।

६. <u>मूल ऐनको दफा १८ मा संशोधन</u> : मूल ऐनको दफा १८ को उपदफा (२) मा रहेका "तीन वर्षको" भन्ने शब्दहरुको सट्टा "चार वर्षको" भन्ने शब्दहरु राखिएका छन् ।

७. <u>मूल ऐनको दफा १९ मा संशोधन</u> : मूल ऐनको दफा १९ को,–

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएकोछ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1025

"(१क) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा सभाका दुईजना सदस्यहरु रहेको एक समिति गठन हुनेछ र सो समितिले विज्ञान तथा प्रविधिको क्षेत्रमा उत्कृष्ट योगदान दिएका व्यक्तिहरु मध्येबाट सिफारिस गरेको व्यक्तिलाई कुलपतिले उपकुलपतिको पदमा नियुक्ति गर्नेछ।"

(२) उपदफा (२) मा रहेका "पाँच वर्षको" भन्ने शब्दहरुको सट्टा "चार वर्षको" भन्ने शब्दहरु राखिएका छन्।

८. मूल ऐनमा दफा १९क. थप : मूल ऐनको दफा १९ पछि देहायको दफा १९क. थपिएकोछ :-

"१९क. पदबाट हटाउन सकिने : (१) उपकुलपति वा सेवा आयोगको अध्यक्षले आफ्नो पद अनुसारको दायित्व पूरा गरेको छैन भनी सभाका तत्काल कायम रहेका एक चौथाई सदस्यहरुले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा सभाका दुईजना सदस्यहरु रहेको एक छानबिन समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी आफ्नो प्रतिवेदन सभा समक्ष पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनमा उपकुलपति वा सेवा आयोगको अध्यक्षले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०२०

आफ्नो पद अनुसारको दायित्व पूरा गरेको छैन भनी सभाको सम्पूर्ण सदस्य संख्याको बहुमतले सिफारिस गरेमा कुलपतिबाट निजलाई हटाइनेछ।

तर त्यसरी पदबाट हटाउने गरी सिफारिस गर्नु अघि निजहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।"

९. मूल ऐनको दफा २८ मा संशोधन : मूल ऐनको दफा २८ मा रहेका "शिक्षा तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

१०. मूल ऐनको दफा २९ मा संशोधन : मूल ऐनको दफा २९ मा रहेका "विज्ञान तथा प्रविधिको विकासको सम्बन्धमा" भन्ने शब्दहरुको सट्टा "यस ऐनको उद्देश्य पूर्तिका लागि" भन्ने शब्दहरु राखिएका छन्।

लालमोहर सदर मितिः- २०५४।९।७।२

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भाग २

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५४ सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

संयुक्त आवासको स्वामित्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन.

प्रस्तावना : नेपाल अधिराज्यका शहरी क्षेत्रमा अत्यधिक जनसंख्याको चापको कारण जग्गाको मूल्यमा वृद्धि हुन गई शहरवासीहरु आवास

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुविधाबाट वञ्चित हुने अवस्था भएकोले संयुक्त आवासको विकास गरी सुपथ आवास इकाईहरु सुलभ ढंगबाट बिक्री वितरण गरी विद्यमान आवास समस्यालाई निराकरण तथा व्यवस्थित बसोबासको व्यवस्था गर्न र त्यस्ता आवास इकाईका धनीहरुको अधिकार तथा दायित्व सम्बन्धी व्यवस्था गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४" रहेकोछ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संयुक्त आवास भवन" भन्नाले कुनै जग्गामा दुई वा दुई भन्दा बढी आवास इकाई राखी बनाइएको दुई वा दुई भन्दा बढी तला भएको भवन सम्झनु पर्छ र सो शब्दले सोही जग्गामा ब्लक, पोकेट वा अन्य त्यस्तै नामबाट नामाकरण गरी निर्माण गरिएको त्यस्तै किसिमका दुई वा दुई भन्दा बढी भवनहरु र सो भवनहरुले चर्चेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएबमोजिम मात्र लागु हुनेछ।

जग्गा, कम्पाउण्ड, कमप्लेक्सलाई समेत जनाउँछ ।

(ख) "आवास इकाई (एपार्टमेन्ट)" भन्नाले संयुक्त आवास भवनमा स्वतन्त्र रुपमा उपभोग गर्न सकिने सामूहिक क्षेत्र तथा सुविधा सहित एक वा एक भन्दा बढी कोठाहरु भएको त्यस्तो भवनको कुनै इकाई सम्झनु पर्छ ।

(ग) "संस्थापक" भन्नाले संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्न दफा ५ बमोजिम स्वीकृति प्राप्त प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था सम्झनु पर्छ ।

(घ) "आवास इकाई धनी" भन्नाले यस ऐन बमोजिमको सम्झौतामा उल्लिखित शर्तहरुका अधीनमा रही आवास इकाई खरिद गर्ने, भाडा (लिज) मा लिने वा अन्य कुनै पनि किसिमले भोग गर्ने व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ ।

(ङ) "सामूहिक क्षेत्र तथा सुविधा" भन्नाले दफा १६ मा उल्लिखित सामूहिक क्षेत्र तथा सुविधा सम्झनु पर्छ ।

(च) "सीमित सामुहिक क्षेत्र तथा सुविधा" भन्नाले केही आवास इकाई धनीहरुको लागि मात्र प्रयोगमा आउने गरी बनाइएको वा राखिएको क्षेत्र तथा सुविधा सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) "सम्झौता" भन्नाले संस्थापक र आवास इकाई लिने व्यक्तिको बीचमा आवास इकाई खरिद गर्ने, भाडामा लिने वा अन्य कुनै किसिमले भोग गर्ने सम्बन्धमा गरिएको सम्झौता सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले संयुक्त आवास भवनको रेखदेख, प्रबन्ध तथा सञ्चालन गर्नको लागि दफा २४ बमोजिम गठन भएको आवास व्यवस्थापन समिति सम्झनु पर्छ ।

(झ) "अधिकार प्राप्त अधिकारी" भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको निकाय वा अधिकारी सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

परिच्छेद-२
संयुक्त आवास भवनको स्वीकृति सम्बन्धी व्यवस्था

३. **स्वीकृति नलिई संयुक्त आवास भवन निर्माण गर्न नपाउने :** अन्य प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कसैले पनि अधिकार प्राप्त अधिकारीको स्वीकृति नलिई संयुक्त आवास भवनको निर्माण गर्न वा गर्न लगाउन हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9032

४. स्वीकृतिको लागि निवेदन दिनु पर्ने : संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्न चाहने संगठित संस्थाले संयुक्त आवास भवन निर्माण सम्बन्धी प्रस्तावित नक्सा, स्ट्रक्चरल डिजाइन, जग्गाको क्षेत्रफल तथा स्वामित्वको विवरण, आवास इकाई बिक्री वितरण प्रकृया, सामूहिक क्षेत्र तथा सुविधा सम्बन्धी विवरण र संयुक्त आवास भवन सञ्चालन योजना समेत संलग्न गरी संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्ने स्वीकृतिको लागि तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

५. स्वीकृति दिने : दफा ४ बमोजिम कुनै निवेदन पर्न आएमा अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा तोकिए बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदकलाई संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्न स्वीकृति दिनेछ ।

६. थप विवरण वा कागजात माग्न सक्ने : दफा ५ बमोजिम जाँचबुझको सिलसिलामा संयुक्त आवास भवन सम्बन्धी कुनै थप विवरण वा कागजात आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले सो विवरण वा कागजात निवेदकसंग माग गर्न सक्नेछ र त्यसरी माग गरिएको विवरण वा कागजात अविलम्ब पेश गर्नु सम्बन्धित निवेदकको कर्तव्य हुनेछ ।

७. स्वीकृति बेगर नक्सा पास गर्न नहुने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्ने सम्बन्धमा यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारीको स्वीकृति बेगर प्रचलित कानून

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम नक्सा पास गर्ने अधिकार प्राप्त निकायले संयुक्त आवास भवन निर्माण गर्ने नक्सा पास गर्न हुँदैन ।

परिच्छेद-३
आवास इकाईको बिक्री, स्वामित्व र हस्तान्तरण

८. आवास इकाईको बिक्री तथा अन्य व्यवस्था : (१) संस्थापकले आवास इकाईको पूरै रकम भुक्तानी लिई वा किस्ताबन्दीमा भुक्तानी लिने गरी आवास इकाई बिक्री गर्न सक्नेछ ।

(२) संस्थापकले कुनै व्यक्ति वा संस्थालाई आवास इकाई भाडा वा अन्य किसिमले भोग गर्न पाउने गरी दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम आवास इकाई बिक्री गर्दा वा भाडा वा अन्य तरिकाले भोग गर्न दिंदा दफा १५ मा उल्लेख भए बमोजिमको सम्झौता गर्नु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम आवास इकाई बिक्री गर्दा वा भाडा वा अन्य तरिकाले भोग गर्न दिंदा संस्थापकले आवास इकाई धनीलाई तोकिए बमोजिमको ढाँचामा प्रमाणपत्र समेत दिनु पर्नेछ ।

९. आवास इकाईको स्वामित्व र उपभोग : (१) यस ऐन बमोजिम आवास इकाई धनीले सम्पूर्ण रकम संस्थापकलाई बुझाइसकेपछि त्यस्तो आवास इकाईमा निजको पूर्ण स्वामित्व कायम रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०३६

(२) आवास इकाई धनीले आफ्नो आवास इकाई सम्झौतामा उल्लिखित शर्तहरुका अधीनमा रही पूर्ण रुपमा उपभोग गर्न पाउनेछ ।

१०. आवास इकाई धनीले आवास इकाई बिक्री तथा भाडामा दिन सक्ने : दफा ११ र सम्झौतामा उल्लिखित शर्तहरुका अधीनमा रही आवास इकाई धनीले आफ्नो स्वामित्वमा रहेको आवास इकाई अरु कसैलाई बेचबिखन गर्न, भाडामा दिन वा अरु कुनै पनि किसिमबाट स्वामित्व हस्तान्तरण गर्न वा भोग गर्न दिन सक्नेछ ।

११. सम्झौता पालन गर्नु पर्ने : (१) आवास इकाई धनीले आफ्नो स्वामित्वमा रहेको आवास इकाई बेचबिखन गरेमा, भाडामा वा अन्य कुनै पनि किसिमबाट भोग गर्न दिएमा त्यसरी आवास इकाई खरिद गर्ने, भाडामा वा अन्य किसिमले भोग गर्ने व्यक्तिले सो आवास इकाईको सम्बन्धमा संस्थापकसंग भएको सम्झौता र यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम तथा कार्य सञ्चालन विधिमा उल्लिखित कुराहरु पालन गर्नु पर्नेछ ।

(२) संयुक्त आवास भवनमा काम गर्ने कर्मचारी तथा कामदारहरुले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा कार्य सञ्चालन विधि र सम्झौतामा उल्लिखित कुराहरु पालन गर्नु पर्नेछ ।

१२. आवास इकाईको स्वामित्व हस्तान्तरण हुन नसक्ने अवस्था : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा संस्थालाई बिक्री गरिएको आवास इकाईको सम्बन्धमा त्यस्तो व्यक्ति वा संस्थाले भुक्तान गर्नु पर्ने कुनै रकम बाँकी रहेको भए सम्झौतामा उल्लिखित शर्तहरुका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधीनमा रही निजले त्यस्तो आवास इकाईको उपभोग मात्र गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बाँकी रकम भुक्तान नगरेसम्म त्यस्तो व्यक्ति वा संस्थाले भोग गरिरहेको आवास इकाईको स्वामित्व अरु कसैलाई कुनै पनि किसिमबाट हस्तान्तरण गर्न सकिने छैन ।

१३. सहमति बेगर बेचबिखन गर्न नहुने : कुनै आवास इकाई धनीले आफ्नो आवास इकाई कसैलाई बेचबिखन गर्दा संस्थापक वा समितिले त्यस्तो आवास इकाई धनीले संस्थापक वा समितिलाई तिर्न बुझाउन पर्ने कुनै पनि किसिमको रकम, दस्तुर, शुल्क, फी आदि बाँकी नरहेको व्यहोरा उल्लेख गरी लिखित रुपमा सहमति नदिएसम्म प्रचलित कानून बमोजिम रजिष्ट्रेशन गर्ने निकायले सो आवास इकाईको बेचबिखनको लिखत रजिष्ट्रशन पास गरी दिनु हुँदैन ।

१४. सहमति दिनु पर्ने : कुनै आवास इकाई धनीले आफ्नो आवास इकाई अरु कसैलाई बेचबिखन गर्नु परी दफा १३ बमोजिम सहमति माग गरेमा संस्थापक वा समितिले निजले तिर्न बुझाउन पर्ने रकम, दस्तुर, शुल्क, फी आदि बाँकी नरहेको भए सो आवास इकाई बेचबिखन गर्न लिखित सहमति दिनु पर्नेछ ।

परिच्छेद-४
सम्झौता सम्बन्धी व्यवस्था

१५. सम्झौता गर्नु पर्ने : (१) संस्थापकले कुनै आवास इकाई बिक्री गर्दा, भाडामा दिंदा वा अन्य कुनै पनि किसिमबाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भोग गर्न दिंदा त्यस्तो आवास इकाई खरिद गर्ने, भाडामा लिने वा अन्य कुनै पनि किसिमबाट भोग गर्न लिने व्यक्ति वा संगठित संस्थासंग सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने सम्झौतामा देहायका कुराहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ :-

(क) सम्झौताका पक्षहरुको नाम र ठेगाना ।

(ख) संयुक्त आवास भवन बनेको जग्गा रहेको स्थान, जग्गाको स्वामित्व, क्षेत्रफल, जग्गाको कित्ता नम्बर र सो जग्गा तथा संयुक्त आवास भवन सम्बन्धी अन्य विवरण ।

(ग) आवास इकाई नम्बर, आवास इकाईको क्षेत्रफल, आवास इकाईमा रहेका कोठा संख्या, सुविधा र आवास इकाई सम्बन्धी अन्य आवश्यक विवरणहरु ।

(घ) आवास इकाई बिक्री, भाडामा वा अन्य कुन किसिमबाट भोग गर्न दिने हो सो को विवरण ।

(ङ) आवास इकाई बिक्री गरिने भए सो को मूल्य र भुक्तानी प्रकृया ।

(च) आवास इकाई भाडामा वा अन्य किसिमले भोग गर्न दिइने भए सो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9080
मुद्रण विभाग

को अवधि र भाडा सम्बन्धी विवरण।

(छ) आवास इकाई धनीले सामूहिक रुपमा समानुपातिक ढगबाट उपभोग गर्न पाउने सामूहिक क्षेत्र तथा सुविधा र सीमित सामुहिक क्षेत्र तथा सुविधा सम्बन्धी विवरण ।

(ज) आवास इकाई उपभोग गर्दा पालन गर्नु पर्ने शर्त तथा आवास इकाईमा गर्न हुने र गर्न नहुने कार्यहरु ।

(झ) सामूहिक क्षेत्र तथा सुविधाको मर्मत, स्याहार सम्भार र रेखदेख गर्नको लागि व्यहोर्नु पर्ने सामूहिक खर्च र दायित्व ।

(ञ) आवास इकाई धनी र संस्थापकको अधिकार, कर्तव्य र दायित्व सम्बन्धी कुराहरु ।

(ट) संयुक्त आवास भवनको कति प्रतिशत भाग सो आवास इकाईमा परेको छ सो कुरा ।

(ठ) बीमा बापत बुझाउनु पर्ने रकम ।

(ड) अन्य आवश्यक कुराहरु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

9089

परिच्छेद-५
सामूहिक हित र दायित्व

१६. सामूहिक क्षेत्र तथा सुविधा : कुनै आवास इकाई धनीले अन्य आवास इकाई धनीको अधिकारमा प्रतिकूल असर नपर्ने गरी देहायका सामूहिक क्षेत्र तथा सुविधाको उपभोग समानुपातिक ढंगबाट गर्न सक्नेछ :-

(क) संयुक्त आवास भवनको जग्गा ।

(ख) संयुक्त आवास भवनको जग, लठ्ठा, गर्डर, बीम, सपोर्ट, गारो, पर्खाल, छाना, हल, कोरिडोर, लब्बी, भऱ्याङ, फायर स्केप र भित्र बाहिर गर्ने बाटो ।

(ग) बेसमेन्ट, सेलार, चोक, बगैंचा, पार्किङ क्षेत्र र गोदाम ।

(घ) जेनेरेटर राख्ने स्थान र सुरक्षा गार्ड बस्ने स्थान ।

(ङ) विद्युत, ग्याँस, चिसो र तातो पानीको व्यवस्था गर्ने भाग, हिटिंग वा एयर कण्डिशन जस्ता कार्यको लागि उपयोग भएको भवनको भाग ।

(च) इलेभेटर, पम्प, टैंक, मोटर, पंखा, फोहर राख्ने कन्टेनर जस्ता सामूहिक उपयोगका साधनहरु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9082

१७. विभाजन गर्न नहुने : यो ऐन वा यस ऐन अन्तर्गत बनेको कार्य सञ्चालन विधिमा उल्लेख भए बमोजिम बाहेक सामूहिक क्षेत्र तथा सुविधा र सीमित सामुहिक क्षेत्र तथा सुविधाको विभाजन गर्न वा भाग लगाउन पाइने छैन ।

१८. सामुहिक खर्च व्यहोर्ने : आवास इकाई धनीले आफूले उपभोग गरेको सामूहिक क्षेत्र तथा सुविधाको सञ्चालन, स्याहार सम्भार, मर्मत, सरसफाई रेखदेख गर्न आफूले उपभोग गर्ने सुविधाको हिस्साको अनुपातमा सम्झौतामा उल्लेख भए बमोजिम लाग्ने सामूहिक खर्च संस्थापक वा समितिलाई बुझाउनु पर्नेछ ।

१९. इन्कार गर्न नपाइने : आवास इकाई धनीले सम्झौतामा उल्लेख भए बमोजिम आफूले व्यहोर्नु पर्ने सामूहिक खर्च व्यहोर्दिन भन्न पाउने छैन ।

२०. रोक लगाउन सक्ने : आवास इकाई धनीले सामूहिक खर्च बापत संस्थापक वा समितिलाई तिर्न बुझाउन पर्ने रकम नतिरे नबुझाएसम्म संस्थापक वा समितिले आवास इकाई धनीले उपभोग गरिराखेको सामूहिक क्षेत्र तथा सुविधा र सीमित सामुहिक क्षेत्र तथा सुविधा मध्ये कुनै सेवा सुविधाहरु उपभोग गर्न नपाउने गरी रोक्का गर्न वा बाँकी रकम नबुझाएसम्म त्यस्तो आवास इकाई कुनै पनि किसिमले कसैलाई हस्तान्तरण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

२१. संयुक्त आवास भवनको बीमा : संस्थापक वा समितिले संयुक्त आवास भवनको दैवी दुर्घटना सम्बन्धी बीमा गराउनु अनिवार्य हुनेछ । यसरी बीमा गराए बापत लाग्ने सम्पूर्ण खर्च

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०४२

आवास इकाई धनीहरुले सम्झौतामा उल्लेख भए अनुसार समानुपातिक तवरले व्यहोर्नु पर्नेछ ।

२२. संयुक्त आवास भवन नष्ट वा क्षति भएमा : (१) संयुक्त आवास भवन कुनै पनि किसिमबाट पूर्ण रुपमा क्षतिग्रस्त भएमा सो भवन रहेको जग्गामा सम्पूर्ण आवास इकाई धनीहरुको हक समानुपातिक ढंगबाट कायम हुनेछ ।

(२) संयुक्त आवास भवन आंशिक रुपमा क्षतिग्रस्त भै मर्मत गर्न वा बनाउन मिल्ने भएमा त्यसरी क्षतिग्रस्त भएको मितिले तोकिएको अवधिभित्र संस्थापक वा समितिले त्यस्तो क्षतिग्रस्त भवन मर्मत गर्नु पर्नेछ ।

परिच्छेद–६
संयुक्त आवास भवनको व्यवस्थापन

२३. संयुक्त आवास भवनको संरक्षण, रेखदेख, मर्मत तथा स्याहार सम्भार : संयुक्त आवास भवन र सामूहिक क्षेत्र तथा सुविधाहरुको संरक्षण, रेखदेख, मर्मत, स्याहार सम्भार तथा सरसफाई गर्ने दायित्व संस्थापकको हुनेछ ।

२४. आवास व्यवस्थापन समितिले संरक्षण, रेखदेख, मर्मत तथा स्याहार सम्भार गर्ने : (१) दफा २३ मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थापकले आफ्नो स्वामित्वमा रहेका सबै आवास इकाईहरु बेचबिखन गरेमा वा कुनै संयुक्त आवास भवनका सम्पूर्ण आवास इकाई धनीहरुले संयुक्त आवास भवनको सञ्चालन आफैंले गर्न लिखित सहमति जनाई संस्थापक समक्ष पेश गरेमा वा संस्थापक संगठित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०४४

संस्था विघटन भै वा संस्थापक व्यक्ति टाट पल्टी साहूको ऋृण तिर्न नसक्ने भै संयुक्त आवास भवन र सामूहिक क्षेत्र तथा सुविधाको संरक्षण, रेखदेख, मर्मत, स्याहार सम्भार तथा सरसफाई गर्न नसक्ने भएमा संयुक्त आवास भवन र सामूहिक क्षेत्र तथा सुविधाको संरक्षण, रेखदेख, मर्मत, स्याहार सम्भार तथा सरसफाई गर्ने कार्य गर्नको निमित्त आवास इकाई धनीहरुले आफूहरुमध्येबाट आवास व्यवस्थापन समितिको गठन गर्नेछन् र त्यस्तो समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समिति गठन भएकोमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम संस्थापकले गर्ने भनिएका सम्पूर्ण काम कारबाहीहरु सोही समितिले गर्नेछ ।

२५. दस्तुर, शुल्क र फी लिन सक्ने : संयुक्त आवास भवन र सामूहिक क्षेत्र तथा सुविधाको सञ्चालन, संरक्षण, रेखदेख, मर्मत, स्याहार सम्भार तथा सरसफाई गर्ने कार्य गर्नका लागि संस्थापक वा समितिले आवास इकाई धनीहरुसंग सम्झौतामा उल्लेख भए बमोजिमको दस्तुर, शुल्क र फी लिन सक्नेछ ।

परिच्छेद-७
विविध

२६. निजी प्रयोगको लागि संयुक्त आवास भवन निर्माण गर्न सक्ने: (१) कसैले निजी प्रयोगको लागि संयुक्त आवास भवन निर्माण गर्न चाहेमा सोही व्यहोरा खुलाई दफा ४ बमोजिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1082

अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिई स्वीकृति लिनु पर्नेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम निजी प्रयोगको लागि निर्माण गरिएको संयुक्त आवास भवनको सञ्चालन, व्यवस्थापन र अन्य कुराहरुका सम्बन्धमा यस ऐनको परिच्छेद-२ बाहेकका अन्य परिच्छेदका कुराहरु लागू हुने छैनन् र त्यस्तो संयुक्त आवास भवनको सञ्चालन सो भवन निर्माण गर्ने व्यक्तिहरु बीच भएको सम्झौता बमोजिम हुनेछ ।

२७. <u>गर्न नहुने कार्य</u> : संस्थापक वा समितिले देहायका कार्य गर्नु हुँदैन :-

(क) अधिकार प्राप्त अधिकारीबाट स्वीकृत मापदण्ड तथा निजबाट तोकिएको स्तर विपरित संयुक्त आवास भवन निर्माण गर्न ।

(ख) संयुक्त आवास भवन निर्माण गर्नको लागि स्वीकृत भएको नक्सा, स्ट्रकचरल डिजाइन तथा योजना विपरित त्यस्तो भवनको निर्माण गर्न ।

(ग) आवास इकाई धनीहरुको हित विपरित हुने गरी कार्य गर्न ।

(२) आवास इकाई धनीले देहायका कार्य गर्नु हुँदैन :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०४६०
मुद्रण विभाग

(क) संयुक्त आवास भवन क्षेत्रको सुरक्षा र अन्य आवास इकाई धनीको सुरक्षा तथा स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्न ।

(ख) संयुक्त आवास भवनको मूल्य घट्न सक्ने कुनै कार्य गर्न ।

(ग) आफ्नो आवास इकाईमा थप निर्माण गर्न, भत्काउन वा उत्खनन गर्न ।

(घ) आवास इकाई खण्डीकरण वा टुक्र्याई बेचबिखन गर्न ।

(ङ) सामूहिक क्षेत्र तथा सुविधा र सीमित सामुहिक क्षेत्र तथा सुविधाको उपभोग अन्य आवास इकाई धनीहरुलाई गर्न दिनबाट वञ्चित गर्न ।

२८. दण्ड सजाय : (१) कसैले दफा ५ बमोजिम स्वीकृति नलिई संयुक्त आवास भवन निर्माण गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्ति वा संस्थालाई एकलाख रुपैयाँ सम्म जरिबाना गरी त्यस्तो निर्माण गरिएको भवन भत्काउने आदेश समेत दिन सक्नेछ ।

(२) कुनै संस्थापकले अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नक्सा, स्ट्रकचरल डिजाइन, योजना तथा निजबाट तोकिएको मापदण्ड तथा स्तर बमोजिम संयुक्त आवास भवन निर्माण नगरेको कारणबाट भवन क्षतिग्रस्त हुन गएमा त्यस्तो संस्थापकलाई एकलाख रुपैयाँदेखि पाँचलाख रुपैयाँसम्म

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १०४८

जरिबाना हुनेछ र त्यस्तो संयुक्त आवास भवन प्राविधिक त्रुटीको कारणबाट भत्कन गई कसैलाई क्षति पुग्न गएको प्रमाणित भएमा पीडित व्यक्तिले संस्थापकसंग मनासिब माफिकको क्षतिपूर्ति समेत भराई लिन सक्नेछ ।

(३) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम जारी गरिएको कुनै आदेश वा निर्देशनको जानी जानी उल्लंघन गरेमा वा आफूले गर्नु पर्ने कुनै काम कारबाही नगरेमा वा गर्न नहुने कुनै काम कारबाही गरेमा अधिकार प्राप्त अधिकारीले कसूरको मात्रा हेरी निजलाई पचासहजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो कसूर पटक पटक गरेमा पटकै पिच्छे निजलाई पाँचहजार रुपैयाँका दरले थप जरिबाना समेत हुनेछ ।

२९. छुट दिन सक्ने : (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवास इकाईको बेचबिखन गर्दा प्रचलित कानून बमोजिम लाग्ने रजिष्ट्रेशन दस्तुर आंशिक वा पूर्ण रुपले छुट दिन सक्नेछ ।

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संयुक्त आवास भवन सञ्चालनको सिलसिलामा प्रचलित कानून बमोजिम लाग्ने कर, महसुल तथा दस्तुर आंशिक तथा पूर्ण रुपले छुट दिन सक्नेछ ।

३०. प्रतिरक्षा सम्बन्धी व्यवस्था : संयुक्त आवास भवनको तर्फबाट अन्य कुनै व्यक्तिसंग कुनै पनि किसिमको मुद्दा वा कानूनी कारबाही गर्नु पर्ने भएमा संस्थापक वा समितिले त्यस्तो मुद्दा मामिला वा कानूनी कारबाहीमा प्रतिरक्षा सम्बन्धी कारबाही चलाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०४८

३१. हदम्याद : यस ऐन अन्तर्गतको कुनै पनि कसूरमा सो कसूर भए गरेको मितिले एक वर्षभित्र थाहा पाएको मितिले तीन महिनाभित्र उजूर गर्नु पर्नेछ ।

३२. पुनरावेदन : यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारीले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिन भित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३३. निर्देशन दिन सक्ने : संयुक्त आवास भवनको उपयुक्त सञ्चालनको निमित्त अधिकार प्राप्त अधिकारीले आवश्यक देखेमा संस्थापक वा समितिलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित संस्थापक वा समितिको कर्तव्य हुनेछ ।

३४. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

३५. नियम बनाउन सक्ने : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

३६. कार्य सञ्चालन विधि बनाई लागू गर्न सक्ने : संयुक्त आवास भवनको सञ्चालन तथा व्यवस्थापनको लागि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी देहायका विषयहरुमा संस्थापक वा समितिले कार्य सञ्चालन विधि बनाई लागू गर्न सक्नेछ :-

(क) संयुक्त आवास भवनको संरक्षण, मर्मत, स्याहार सम्भार गर्ने कुरा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9085

(ख) आवास इकाई प्रयोग गर्दा आवास इकाई धनीहरुले पालन गर्नु पर्ने कुरा ।

(ग) संयुक्त आवास भवनमा काम गर्ने कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धमा ।

(घ) संयुक्त आवास भवन सञ्चालन गर्न आवश्यक अन्य कुराहरु सम्बन्धमा ।

लालमोहर सदर मितिः- २०५४।९।७।२

आज्ञाले,

तीर्थमान शाक्य

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

1020

घ) जिल्लास्थित बार एशोसिएशनका इकाईहरु मध्ये माथिल्लो इकाईको सचिव -सदस्य सचिव

तर काठमाडौं जिल्लाको हकमा जिल्ला बार एशोसिएशनको सचिव सदस्य सचिव हुनेछ ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(३) जिल्ला समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. कानूनी सहायता कोष : (१) कानूनी सहायता सम्बन्धी कामको लागि एक कोष रहनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारबाट अनुदान स्वरुप प्राप्त रकम ।

(ख) कुनै व्यक्ति, संघ वा संस्थाबाट अनुदान, चन्दा, सहयोग स्वरुप प्राप्त रकम ।

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. लेखा र लेखा परीक्षण : (१) केन्द्रीय समिति र जिल्ला समितिले आफ्नो आय व्ययको लेखा प्रचलित कानून बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) केन्द्रीय समिति र जिल्ला समितिको आय व्ययको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

१०. कर्मचारी सम्बन्धी व्यवस्था : (१) केन्द्रीय समिति र जिल्ला समितिमा आवश्यक संख्यामा कर्मचारीहरु नियुक्त गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला समितिले कर्मचारीहरु नियुक्ति गर्नु अघि केन्द्रीय समितिको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था केन्द्रीय समितिले तोकिदिए बमोजिम हुनेछ ।

११. नक्कल सार्न दिनु पर्ने : कानूनी सहायता सम्बन्धी काममा संलग्न सम्बन्धित कानून व्यवसायी तथा कर्मचारीलाई अदालतले प्रचलित कानून बमोजिम कागजको नक्कल सार्दा लिने दस्तुर नलिई सो कागजको नक्कल सार्न दिनु पर्नेछ ।

१२. नियम बनाउने अधिकार : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न केन्द्रीय समितिले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०६०

(२) उपदफा (१) बमोजिम बनाइएका नियमहरु श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालयबाट स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछन् ।

लालमोहर सदर मितिः- २०५४।९।७।२

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०८९

भाग २

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५४ सालको ऐन नं. १७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
90E02

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०५४" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ मा दफा ९क. थप: महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ (यसपछि "मूल ऐन" भनिएको) को दफा ९ पछि देहायको दफा ९क. थपिएकोछ :-

"९क. विदेशी मुद्रा सटही र भन्सार सुविधा : (१) महान्यायाधिवक्तालाई एक आर्थिक वर्षमा निजको वार्षिक पारिश्रमिक रकमको एक तिहाइ रकम बराबरको विदेशी मुद्रा सटही सुविधा दिइनेछ ।

(२) महान्यायाधिवक्तालाई एक आर्थिक वर्षमा निजको वार्षिक पारिश्रमिक रकमको पच्चीस प्रतिशत बराबर मूल्यको सामानमा भन्सार छुट दिइनेछ ।

(३) यस दफा बमोजिमको सुविधा महान्यायाधिवक्तालाई विदेश भ्रमण गरेमा मात्र दिइनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएकोछ :-

"१४. बिदा : (१) महान्यायाधिवक्ताले देहाय बमोजिमका बिदाहरु पाउन सक्नेछ :-

(क) पर्व बिदा र भइपरी आउने बिदा

(ख) घर बिदा

(ग) बिरामी बिदा

(घ) किरिया बिदा

(ङ) विशेष बिदा

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका बिदाहरु पूरा पारिश्रमिक सहित र खण्ड (ङ) बमोजिमको बिदा आधा पारिश्रमिक सहितको हुनेछ ।

(३) महान्यायाधिवक्ताले प्रत्येक वर्ष भइपरी आउने बिदा छ दिन र पर्व बिदा छ दिन लिन पाउनेछ ।

(४) महान्यायाधिवक्ताले काम गरेको अवधिको एघार दिनको एक दिनको दरले घर बिदा पाउनेछ । घर बिदा बढीमा एकसय पचास दिनसम्म संचित गरी राख्न सकिनेछ । घर बिदाको प्रयोजनको निमित्त काम गरेको अवधि कायम गर्दा भइपरी आउने बिदा र पर्व बिदा बसेको दिन र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०६४

सार्वजनिक बिदाको दिन समेत काम गरेको दिनमा जोडिनेछ ।

(५) एकसय बीस दिनभन्दा बढी घर बिदा संचित हुने महान्यायाधिवक्ताले सो बढी घर बिदा मध्ये प्रत्येक वर्ष चैत्र मसान्तसम्म संचित रहेको घर बिदा मध्ये बढीमा तीस दिनसम्मको घर बिदा बापत निजले खाइपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम सोही आर्थिक वर्षको अन्त्यसम्ममा एकमुष्ट लिन सक्नेछ ।

(६) महान्यायाधिवक्ताले प्रत्येक वर्ष पन्ध्र दिनका दरले बिरामी बिदा पाउनेछ । त्यस्तो बिरामी बिदा जति पनि संचित गरी राख्न सकिनेछ । कुनै कडा रोग लागि महान्यायाधिवक्ताले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरेमा बिरामी बिदा बाँकी नभए दुई महिनासम्म पारिश्रमिक सहितको र त्यस्तो पारिश्रमिक सहितको थप बिरामी बिदा लिईसकेपछि एक पटकमा थप चार महिनासम्म र सेवाको अवधिभरमा बाह्र महिनामा नबढ्ने गरी बिना पारिश्रमिकको बिरामी बिदा पाउन सक्नेछ ।

तर त्यसरी पारिश्रमिक सहितको थप बिरामी बिदा लिंदा प्रत्येक दुई दिन थप बिरामी बिदा बापत एक दिनका दरले घर बिदा कट्टा गरिनेछ ।

(७) महान्यायाधिवक्ता आफै किरिया बस्नु परेमा कुल धर्म हेरी बढीमा पन्ध्र दिनसम्म किरिया बिदा पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) महान्यायाधिवक्ताले देहाय बमोजिम विशेष बिदा पाउन सक्नेछ :-

(क) एक पटकमा एक महिनामा नबढाई, र

(ख) सेवाको अवधिभरमा जम्मा तीन महिनामा नबढाई ।

(९) संवैधानिक पदमा वा श्री ५ को सरकारको सेवामा रहेको कुनै व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्त भएमा सो पदमा वा सेवामा रहँदाको निजको संचित बिदा सम्बन्धी हक उपभोग गर्नबाट निजलाई वञ्चित गरिने छैन ।

(१०) महान्यायाधिवक्ताले आफ्नो पदबाट अवकाश पाएमा उपदफा (४) र (६) बमोजिम संचित रहेको घर बिदा र बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।"

४. <u>मूल ऐनको दफा १६ मा संशोधन</u> : मूल ऐनको दफा १६ को उपदफा (२) पछि देहायका उपदफा (२क), (२ख), (२ग), (२घ) र (२ङ) थपिएका छन् :-

"(२क) महान्यायाधिवक्ताले आफ्नो सगोलको पति वा पत्नी, आमा, बाबु, छोरा वा छोरी बिरामी भएमा उपदफा (२) बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बिल बमोजिम भएको उपचार खर्चको नब्बे प्रतिशत रकम लिन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०६०८

पाउनेछ । त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान (डाइग्नोसिस) गरिएको चिकित्सकको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

तर यस उपदफा बमोजिम पाउने उपचार खर्च एकपटकमा महान्यायाधिवक्ताको एक महिनाको पारिश्रमिक भन्दा बढी हुने छैन ।

(२ख) महान्यायाधिवक्ताले आफ्नो सगोलको पति वा पत्नी, आमा, बाबु, छोरा वा छोरी बिरामी भई विदेशमा लगी उपचार गराउनु पर्दा वा स्वदेशकै अस्पतालमा भर्ना गराई शल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्शन बमोजिम लागेको औषधि उपचार खर्चको नब्बे प्रतिशत रकम उपदफा (२) बमोजिम महान्यायाधिवक्ताले पाउने रकम मध्येबाट पाउनेछ ।

(२ग) उपदफा (२क) र (२ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताको सगोलको पति वा पत्नी, आमा वा बाबु, छोरा वा छोरी कुनै संवैधानिक पदमा वा सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रण भएको संस्थाको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च दिइने छैन ।

(२घ) यस दफा बमोजिम उपचार खर्च माग गर्ने महान्यायाधिवक्ता कार्यालयमा उपस्थित हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नु पर्नेछ । बिरामी बिदा नभएमा मात्र अन्य बिदा माग गर्न पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०६६

(२ङ) यस दफा बमोजिम महान्यायाधिवक्ताले पाएको उपचार खर्चको विवरण त्यस्तो महान्यायाधिवक्ताको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राखिनेछ ।"

५. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएकोछ :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताको पदमा दस वर्ष सेवा अवधि पूरा गरिसकेको व्यक्ति सेवाबाट अवकाश भएमा निजले आफ्नो मासिक पारिश्रमिकको दुई तिहाई रकम मासिक निवृत्तभरण पाउनेछ ।"

(२) उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरु पछि "वा (१क)" भन्ने शब्दहरु थपिएका छन् ।

(३) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश झिकिएकोछ ।

(४) उपदफा (३) मा रहेका "उपदफा (७) बमोजिम जोडिनेछ ।" भन्ने शब्दहरुको सट्टा "निवृत्तभरणको प्रयोजनको लागि जोडिनेछ ।" भन्ने शब्दहरु राखिएका छन् ।

(५) उपदफा (५) मा रहेका "पारिश्रमिकको शुरु अंकमा जति प्रतिशतले बृद्धि भएको छ" भन्ने शब्दहरुको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सट्टा "पारिश्रमिक अंकमा जति बृद्धि भएकोछ" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएकोछ :-

"(७) उपदफा (१क) को प्रयोजनको लागि सेवा अवधि गणना गर्दा संवैधानिक पदमा वा सरकारी सेवाको पदमा वा सो दुवै पदमा काम गरेको कुल अवधिको आधा जोडी गणना गरिनेछ ।"

६. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएकोछ :-

"(४) महान्यायाधिवक्ताको पारिश्रमिक वृद्धि हुँदा पारिश्रमिकको अंकमा जति वृद्धि भएकोछ त्यसको दुई तिहाई रकम उपदफा (१) वा (३) बमोजिम पारिवारिक निवृत्तभरण पाइरहेको व्यक्तिले खाइपाई आएको पारिवारिक निवृत्तभरण रकममा पनि थप गरिनेछ ।"

७. मूल ऐनमा दफा १९क. र १९ख. थप : मूल ऐनको दफा १९ पछि देहायका दफा १९क. र १९ख. थपिएका छन् :-

"१९क. दैनिक तथा भ्रमण भत्ता पाउने : महान्यायाधिवक्ताको पदमा तीन वर्ष काम गरिसकेको महान्यायाधिवक्ताले आफूले पकाएको घर बिदामा आफ्नो घर जाँदा र घरबाट फर्कदा वर्षको एक पटक यो ऐन बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ताको आधाको दरले दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०६५

तर परिवारका सदस्यले दैनिक तथा भ्रमण भत्ता पाउने छैन ।

१९ख. बाटोको म्याद : महान्यायाधिवक्ताले घर बिदामा घर जाँदा र घर बिदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा हाजिर हुन आउँदा वर्षको एकपटक पैदलको बाटोलाई आठकोसको निमित्त एक दिनको दरले तथा मोटर, रेल, हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटो म्याद पाउनेछ ।

तर घर बिदामा घर नगई अन्यत्र जान वा बस्नको निमित्त बाटोको म्याद दिइने छैन । बाटो म्याद दिंदा सबैभन्दा छिटो साधनद्वारा सबैभन्दा छोटो बाटोको दिइनेछ र जाँदा आउँदा वास्तविक दिनभन्दा बढी दिइने छैन ।"

लालमोहर सदर मितिः- २०५४।९।७।२

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणीत गरिएपछि मात्र लागु हुनेछ।

9060 मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित ।